USAID
FROM THE AMERICAN PEOPLE

# मध्य कर्णाली जलाधार

मध्यकर्णाली जलाधार क्षेत्र पश्चिम नेपालका दैलेख, अछाम र कालिकोट जिल्लाका केहि भागहरु समेट्ने कर्णाली नदी बेसिन अन्तर्गत पर्दछ। मध्य कर्णाली जलाधारको अधिकांश भाग मध्य पहाडमा ( जलाधारको करीब ८० प्रतिशत क्षेत्र) र बाँकी भुभाग हिमाली क्षेत्रमा पर्दछ। । प्राथमिक रुपमा मध्य कर्णाली जलाधार हिउँले सिञ्चित नदी हो जुन वर्षा र हिउँ दुबैले सिञ्चित थुप्रै सहायक नदीहरू मिलेर बनेको नदी हो। । यस जलाधारक्षेत्रको जलीय प्रवाहलाई असर पुऱ्याइरहेका तत्वहरूमा वनक्षेत्र क्षयीकरण, ग्रामीण सडक निर्माण, जलवायु परिवर्तन, सघन कृषि, भिरालो जमीनमा खेती, पहिरो र नदी लगायत नदी किनारमा थुप्रिएका थिग्रान हुन्। जलाधारमा बारम्बार गैइरहने पहिरोको असरले माछा प्रजननको लागि महत्वपूर्ण हुने दोभान क्षेत्रमा रहेका तिनका वासस्थानलाई नष्ट गरिदिन्छ।

## संख्यामा मध्य कर्णाली

| | |
|---|---|
| नदी क्षेत्र | कर्णाली |
| प्रदेश | प्रदेश ६ र ७ |
| जम्मा जलाधारको क्षेत्रफल | ९०३.६६ वर्ग कि.मि. |
| जम्मा नदीको धारा | १६० |
| मुख्य नदीहरू | गुनत खोला, बरले खोला, बेलखेत खोला, छिन्ने खोला, रामघाट खोला, खिदकिज्युल खोला, रकम कर्णाली, दोगडे खोला, पादुका खोला, घट्टे खोला, पुल्लेतल खोला, लोदेगाड |
| ताल र सिम्सारहरू | छैन |
| प्रयोग भएको जमिन | वन–जङ्गल (५२%), खेतीयोग्य जमिन (३०%), चरण क्षेत्र (१३% ), नदि र धारहरु (३%), झाडी (१%) र अन्य (१%) |
| नगरपालिकाहरू | आठबीस, चामुण्डा बिन्द्रासैनी, दुल्लु, कमल बजार र पञ्चदेबल विनायक। |
| गाउँपालिकाहरू | थाँतीकाँध, भैरबी, नरहरीनाथ र तुर्मखाद |
| जनसंख्या | १७१,८५६ ९४९५ पुरुष, ५१५ महिला० ९केन्द्रीय तथ्यांक विभाग २०१५० |
| जातीय समूहहरू | ब्राह्मण/क्षेत्री/ठकुरी ५९%, जनजाति १०% (थारु ७१ %), दलित ३०% (५७% कामी), अन्य १% |

### मध्य कर्णाली क्षेत्रका वातावरणीय सवालहरू




पानी परियोजनाले सहयोग गरेको बहु–सरोकार संलग्न कार्यशालामा सहभागी भएका जलाधारका सरोकारवालाहरूले पहिचान गरेका वातावरणीय सवालहरू यस नक्शामा राखिएका छन्। यस्ता सवालहरू र समस्याहरू व्याप्त रहेको क्षेत्रहरूको पहिचान गरेर स्वच्छ पानी, सुदृढ जैविक विविधता तथा प्राकृतिक स्रोतको दिगो प्रयोगको सुनिश्चितताका लागि स्थानीय सरकार तथा निर्वाचन क्षेत्रहरूले यी जानकारीको प्रयोग गर्दै अल्प तथा दीर्घकालीन योजनाहरूको तर्जुमा गर्नेछन् भन्ने विश्वास लिइएको छ।

### मध्य कर्णाली जलाधारको जलिय जैविक विविधतामा देखिएका जोखिमहरू




यस जलीय जैविक विविधता नक्सा विभिन्न सरोकारवालाहरूको सहयोगमा विकास गरिएको हो। यी सरोकारवालाहरूले जलचरको वासास्थान तथा जैविक विविधतासँग सम्बन्धित स्थानहरूको पहिचान गर्न तथा स्थानविशेषका आधारमा चुनौतीहरू पहिचान गर्न सहयोग गरेका थिए। सन्दर्भ नक्साको सिर्जना गर्न जिआइएस तथा स्थलगत अध्ययनबाट आएका तथ्याङ्कलाई समायोजन गरिएको यस्तो प्रकारको नक्साले जलिय जैविक विविधता संरक्षण गर्नका लागि प्रभावकारी रणनीतिको तर्जुमा गर्न सहयोग पुग्नेछ।

# मध्य कर्णाली जलाधार

## जलधारको संक्षिप्त पार्श्वचित्र

### सामुदायिक परिकल्पना:

वैज्ञानिक तरिकाले एकिकृत गरिएका जलाधारक्षेत्र व्यवस्थापनका सिद्धान्तहरूमा आधारित जैविक विविधता संरक्षण तथा पानीको समतामूलक तथा दिगो उपयोगको व्यवस्थाले सुसज्जित सामाजिक, आर्थिक एवं वातावरणीय समृद्धिले परिपूर्ण मध्य-कर्णाली जलाधारक्षेत्र।

## मध्य कर्णाली जलाधारको स्वास्थ्य सूचकहरुको - सारसंक्षेप

यस जलाधार स्वास्थ्य विवरणले बहु–सरोकारवालाहरूसँग गरिएको परामर्श प्रक्रियाबाट छनौट गरिएका पूर्व परिभाषित सूचकहरूका आधारमा जलाधारको अवस्थालाई गरिएको मापनलाई देखाउँछ। यी सूचकहरूले मध्य कर्णाली जलाधारको हालको स्वास्थ्य स्थितिलाईसमेत दर्शाउँछ। जलाधारले भोगिरहेका जोखिम तथा चुनौती र प्राप्त अवसरलाई प्रस्तुत गर्न रङ्गको कोडको प्रयोग गरिएको छ।

### जलाधारको स्वास्थ्य अवस्थाहरु

राम्रो | ठिकै | नराम्रो

| क्षेत्र | ठिकै | नराम्रो |
|---|---|---|
| सुशासन एवं समानता | महिला, सीमान्तकृत वर्गको निर्णायक पदमा पहुंच; योजना तर्जुमामा सहभागिता; निती नियममा कृयाशीलता; प्रकृतिक श्रोत द्वन्द व्यवस्थापन; स्थानीय निकायहरुबीच समन्वय; श्रोतसाधन व्यवस्थापन समुहमा सकृयता | नीतिगत प्रावधानको पालना; लाभको बाँडफांडमा समतामूलक पहुँच |
| पूर्वाधार र प्रायोगिक भू-सम्पदाहरूको दिगोपना | जलविद्युत; गिट्टी बालुवा उत्खानन | सिंचाई; ग्रामीण सडक |
| जलवायु उत्थानशीलता तथा प्रकोप जोखिम न्यूनिकरण | घरधुरी स्तरका प्रयास | पुर्व सूचना प्रणालीमा पहुँच; जलवायु जोखिम गम्भीरता |
| जैविक विविधता र वासस्थान | मिचाहा प्रजाती; घरेलु सरसफाइ; भू उपयोग; प्रजाति विविधता; फोहोर व्यवस्थापन | माछाको परिमाण; माछा मार्ने अभ्यास |
| पानी | पानीको गुणस्तर | पानीको उपलब्धता; पानीमा पहुँच |
| दिगो कृषिक्षेत्र | | कृषि उत्पादकत्व; माटो व्यवस्थापन |

River Basin: Karnali
Watershed Code: 333

## मध्य कर्णाली जलाधारको स्थलगत नक्सा




| समस्या | कार्य/सुझाव |
|---|---|
| सुक्दै गएका पानीका स्रोतहरु | • पानी प्रयोगको दक्षतालाई अधिकतम बढाउन पानीजन्य प्रविधि जस्तै: फोहोरा सिँचाई र थोपा सिँचाईको बहुप्रयोग बारे जनचेतना जगाउने,<br>• वर्षाको पानी बढी संकलन गर्न र प्राकृतिक पोखरी/कुवाको पुर्नभरण गर्न मुहान क्षेत्र र समुदायमा रहेको बाँझो जमिनमा रुख र बोटविरुवा रोप्ने, र<br>• पानीको सतहको अनुगमन गर्न समुदायहरुका लागि जलस्रोतका नक्साहरु तयार गर्ने। |
| माछाको घट्दो संख्या र जलीय जैविक विविधता | • स्थानीय समुदाय तथा सरकारमा उचित प्रतिनिधित्वका लागि सामूहिक रुपमा पैरवी गर्न मछवार समुदायको समूहहरू गठन गर्ने,<br>• माछा मार्नेसम्बन्धी अझ प्रभावशाली नियमको कार्यान्वयनलाई प्रवर्द्धन् गर्न सरकारी निकायहरुसँग संवादको थालनी गर्ने,<br>• परम्परागत रुपमा माछा मार्ने पेशा अंगाल्दै आएका समुदायहरुका लागि वैकल्पिक जीविकोपार्जनका लागि जलाधार क्षेत्रमा पर्यावरणीय पर्यटनको प्रवर्द्धन् गर्ने, र<br>• स्थानीय समुदायलाई नदीको २–४ किलोमिटरको बहाव क्षेत्र हस्तान्तरण गर्ने प्रक्रियामार्फत नदी प्रणालीमा मत्स्य तथा जलचरको सह–व्यवस्थापन तथा सुधारिएको संरक्षणका लागि स्थानीय सरकारलाई आवश्यक कानूनको तर्जुमा गर्न सहयोग गर्ने। |
| न्यून वातावरणीय प्रभावसहितको दिगो जलविद्युत आयोजनाको निर्माण | • नदीको तल तिर हुने प्रवाहका क्षेत्रका सरोकारवालाहरूको विचारहरूसमावेश गर्ने सुनिश्चितताका लागि सार्वजनिक सुनुवाइ कार्यक्रममा उनीहरूको सहभागितालाई प्रोत्साहन गर्ने, र<br>• माथिल्लो कर्णाली जलविद्युत आयोजनाले जलाधारमा पर्ने अल्प तथा दीर्घकालनि असरहरू निर्क्यौल गर्न तथा लाभ बाँड्फाँडको उपयुक्त संयन्त्रको विकास गर्न उक्त जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनलाई जारी राख्ने। |
| अनुपयुक्त ढंगबाट डिजाइन गरिएका ग्रामीण सडकहरुको निर्माण | • स्थानिय सुशासनको लागी समानताको ढांचाको बारेमा स्थानीय सरकार र ठेकेदारहरूको चेतनाको स्तर तथा क्षमता विकास गर्ने,<br>• स्थानीय स्तरमा शुरुवात गरिएको तथा न्यून लागतका बायोइन्जिनियरिङ्ग तथा नदी किनार व्यवस्थापन प्रणालीलाई सहयोग गर्ने,<br>• बायो–इन्जिनियरिङ्गका विधि र नदि किनारमा गरिने वृक्षारोपण जस्ता विधिको प्रयोग गर्दै भिरालो जमीन तथा नदी किनारको स्थिरतासम्बन्धी न्यून लागतका प्रविधिको बारेमा तालिम तथा सहयोग प्रदान गर्ने, र<br>• वातावरणमैत्री सडक निर्माणका लागि पैरवी गर्न सम्बन्धित नागरिकहरूको समितिहरू गठन गर्ने। |
| वन विनाश(वन क्षेत्रको खस्कँदो अवस्था) | • वन–जङ्गलको स्वास्थ्य, व्यवस्थापन र खुला चरिचरनको असरहरूबारे जनचेतना जगाउने,<br>• उपलब्ध हुने/भएका बाँझो जमीनमा सामुदायिक वनका लागि वृक्षारोपण गर्ने,<br>• वन पैदावार तथा स्रोतहरूको अत्यधिक दोहनलाई नियन्त्रण गर्न समुदायलाई उत्प्रेरणका अवसरहरूको सिर्जना गर्ने,<br>• वन–जङ्गलको स्वास्थ्यमा सुधार ल्याउने खेती तथा वनका वरिपरि लहरै गरिने वृक्षारोपण (हेज–रो प्लान्टिङ्ग), कृषिजन्य वन (एग्रो–फरेस्ट्री) र अन्य प्रविधिको अवलम्बन गर्ने, र<br>• डढेलोको जोखिम तथा प्रभावको न्यूनीकरण गर्न वैज्ञानिक रूपमा प्रमाणित उपयाहरू अपनाउने (जस्तै डढेलो नियन्त्रण गर्ने रेखा/व्यवधानको निर्माण)। |
| जल प्रदूषण | • जल प्रदूषण, प्रदूषणका स्रोतहरू र प्रदूषणलाई स्थानीय तहबाटै नियन्त्रण गर्ने उपायहरूको बारेमा जनचेतना फैलाउने, र<br>• शहरी क्षेत्रमा कुहिने, नकुहिने र विषाक्त फोहोरको व्यवस्थापनको विषयमा जनचेतना जगाउने। |







**कार्यदिशा**

मध्य कर्णाली जलाधारको भावी कार्यदिशाको सन्दर्भमा, स्थानीय जनप्रतिनिधि, सरकारी अधिकारीदेखि स्थानीय व्यवसायीलगायत विभिन्न सरोकारवाला तथा स्थानीय वासिन्दाले यी सुझावहरूको तर्जुमा गरेका हुन, जसले विभिन्न दृष्टिकोणको प्रतिनिधित्व गर्दछ। त्यस अर्थमा, यी कार्य तथा प्रतिवद्धताले मध्य कर्णाली जलाधारको वातावरणीय विषयहरूलाई सम्बोधन गर्ने प्रयत्न गरेको छ जसले जलाधारमा अवस्थित सबै समूहहरूका लागी समाधानउन्मुख र सुधारउन्मुख उपायहरू प्रदान गर्ने छ।

**युएसएड पानी परियोजना**